# नेपाल उद्योग वाणिज्य महासंघ
## निर्वाचन २०६४
## सूचना नं. ६

नेपाल उद्योग वाणिज्य महसांघको ४२ औं वार्षिक साधारण सभामा २०६४ साल चैत्र १३ हुने निर्वाचनमा सहभागी हुने मतदाताहरुको जानकारीको लागि निम्न निर्वाचन आचार संहिता सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

- उद्घाटन समारोहको समापन पश्यात १५ मिनेट जलपानको लागि समय छुट्टाइने छ। त्यसको लगत्तै मतदानको कार्यक्रम शुरु गरिनेछ ।
- निर्वाचनको लागि लाममा बस्दा शान्तिपूर्वक बस्ने ।
- २०६४ साल चैत्र १३ गते सांझ ७:०० बजेसम्म मतदान क्षेत्रमा प्रवेश गरि सक्नु पर्नेछ । सांझ ७:०० बजेपछि मतदान क्षेत्रमा प्रवेश गर्नेलाई मतदान कार्यमा सहभागी गराइने छैन ।
- आचार संहिताको नम्बर ५ अनुसार निर्वाचन क्षेत्र उम्मेदवारको प्रचार प्रसार गर्ने उद्देश्यले कुनै पनि पर्चा पोष्टर लगायत अन्य सांकेतिक वस्तुको प्रयोग गर्नु पाइने छैन तथा मतदाताहरुलाई धम्काउने र तर्साउने वा कुनै प्रकारको लोभ लालचमा पार्ने काम गर्न नहुने ।
- मत पत्रको प्रयोग गर्दा ध्यान दिएर मत पत्र राम्ररी अध्ययन गरी जति जनालाई मत दिने हो त्यत्तिनै उम्मेदवारलाई मात्र ✓ (रेजा) चिन्ह लगाउनु पर्ने छ। कम वा बढी भएमा मत पत्र बदर हुने छ।
- मत पत्रको नमूना सूचना पाटीमा टांस गरिने छ।

| नीता गौतम दीक्षित | शिव रिजाल | सपना प्रधान |
|---|---|---|
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |

मिति : २०६४ साल चैत्र १३ गते रोज ४ मा